नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पुस्तकालय समन्वय तथा अभिलेख

फोन नं. {

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- ०७६।७७
चलानी नं.:- २०

२०७६।०७।२८

विषयः पुस्तकालय तथ्यांक सङ्कलन गर्नेबारे ।

नेपालमा हालसम्म विभिन्न शैक्षिक, सामुदायिक, सार्वजनिक तथा विशेष पुस्तकालयहरुको स्थापना र सञ्चालन विभिन्न व्यक्ति वा सामुदायिक संस्थाको अगुवाइमा भएको पाँइन्छ । यसरी स्थापना र सञ्चालन भएका पुस्तकालयमध्ये केही पुस्तकालयहरूलाई नेपाल सरकारका विभिन्न निकायहरुले आंशिक रूपमा अनुदान तथा आर्थिक सहयोग वितरण गर्दै आएको भएपनि यसरी सञ्चालित पुस्तकालयहरुको संख्या के कति छ भनेर हालसम्म आधिकारिक रूपमा तथ्याङ्क सङ्कलन गर्न सकिएको छैन ।

यसरी स्थापना र सञ्चालन भएका पुस्तकालयहरूको अभिलेखिकरण गरी सोको अद्यावधिक विवरण तयार गर्न तथा स्रोतको परिचालन गर्नका लागि आर्थिक वर्ष २०७६/०७७ मा मुलुकभर सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजिनक पुस्तकालयहरुको तथ्याङ्क सङ्कलन गर्नका लागि सबै स्थानीय तह एवम् शिक्षा विकास तथा समन्वय इकाइ मार्फत् वा सोझै नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रिविधि मन्त्रालय पुस्तकालय समन्वय तथा अभिलेख शाखामा सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र आइपुग्ने गरी निम्नानुसारको ढाँचामा तयार गरी पठाइदिनु हुन अनुरोध छ ।

पुस्तकालयले भर्नुपर्ने फाराम मन्त्रालयको वेवसाइट http://www.moe.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।